छ।

# प्रदेश राजपत्र


कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, वैशाख १६ गते, २०७९ साल (अतिरिक्ताङ्क २


## भाग-१

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संम्वत् २०७९ सालको ऐन नं. ०१

**प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ मा संशोधनः** प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः** प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्न तथा प्रशासकीय विषय नियमित गर्न आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।"

प्रमाणीकरण मितिः २०७९/०१/१६

आज्ञाले,
दिनेश सागर भुसाल
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय